SHIVAM CEMENTS LIMITED

Hetauda-16, Makawanpur, Nepal
Corporate Office: Siddhartha Insurance Bhawan, 2nd Floor, Anamnagar, Kathmandu
GPO Box 13478, Tel: +977-1-5705993/5706804, Fax: +977-1-5706854
Website: www.shivamcement.com, **Email:** info@shivamcement.com

Unaudited Statement of Financial Position
As At 16th Oct, 2020 (Ashoj 30, 2077)

Particulars	Shivam Cements		
	16th Oct, 2020 (Ashoj 30, 2077)	15th July, 2020 (Ashad 31, 2077)	17th Oct, 2019 (Ashoj 30, 2076)
Assets			
Non Current Assets			
Property, Plant & Equipment	4,290,064,963	4,396,661,480	4,658,421,304
Intangible Assets	1,194,332	619,021	320,414
Investment in Subsidiaries	3,565,703,000	3,565,703,000	3,565,703,000
Other Non-Current Assets	16,300,088	11,216,750	11,647,893
Total Non Current Assets	**7,873,262,383**	**7,974,200,251**	**8,236,092,611**
Current Assets			
Inventories	1,746,203,078	2,001,263,491	2,167,503,485
Financial Assets			
Trade Receivables	1,896,188,267	1,945,040,109	1,976,005,766
Cash & Cash Equivalent	896,139,424	137,151,029	89,409,353
Others	28,016,314	33,191,981	39,002,570
Other Current Assets	187,473,098	125,473,690	319,833,855
Total Current Assets	**4,754,020,181**	**4,242,120,300**	**4,591,755,029**
Total Assets	**12,627,282,564**	**12,216,320,550**	**12,827,847,640**
Equity & Liabilities			
Equity			
Equity Share Capital	4,400,000,000	4,400,000,000	4,400,000,000
Share Premium	956,233,911	956,233,911	956,233,911
Other Equity	4,377,850,945	4,086,704,016	3,832,247,777
Total Equity	**9,734,084,856**	**9,442,937,927**	**9,188,481,688**
Non Current Liabilities			
Financial Liabilities			
Long Term Borrowings	18,762,005	63,349,461	1,145,746,809
Deferred Tax Liabilities	107,358,393	103,298,913	85,913,914
Total Non Current Liabilities	**126,120,398**	**166,648,374**	**1,231,660,723**
Current Liabilities			
Financial Liabilities			
Trade Payables	1,976,365,786	1,765,811,033	1,338,714,651
Short Term Borrowings	14,240,516	181,678,066	409,389,539
Other Financial Liabilities	248,183,122	235,541,084	219,190,426
Other Current Liabilities	449,925,194	395,495,606	363,067,246
Provisions	10,852,259	8,350,392	433,523
Income Tax Liabilities (Net)	67,510,433	19,858,068	76,909,843
Total Current Liabilities	**2,767,077,310**	**2,606,734,249**	**2,407,705,229**
Total Liabilities	**2,893,197,708**	**2,773,382,623**	**3,639,365,951**
Total Equity and Liabilities	**12,627,282,564**	**12,216,320,550**	**12,827,847,640**

Unaudited Statement of Profit & Loss
For the Period Ended 16th October,2020 (Ashoj 30, 2077)

Particulars	Shivam Cements		
	Upto 1 Qtr 2077-78	FY 2076-77	Upto 1 Qtr 2076-77
Income:			
Revenue From Operations	1,927,394,753	9,009,050,517	2,048,697,837
Other Income	24,626,197	19,945,337	410,641
Total Income	**1,952,020,949**	**9,028,995,855**	**2,049,108,477**
Expenses:			
Raw Materials Consumption	849,351,235	3,618,197,411	770,602,004
Electricity/Power & Fuel	488,409,250	2,138,563,980	645,541,583
Changes in Inventories of Finished Goods & Work-In-Progress	(137,277,945)	(139,662,808)	(163,979,757)
Employee Benefit Expenses	114,653,601	485,447,581	126,231,964
Depreciation & Amortization	124,073,350	475,679,591	118,822,393
Other Expenses	162,169,098	895,145,949	227,800,429
Finance Cost	3,251,079	150,882,016	46,561,443
Total Expenses	**1,604,629,668**	**7,624,253,719**	**1,771,580,060**
Profit/(Loss) Before Tax	**347,391,281**	**1,404,742,135**	**277,528,418**
Tax Expense			
Current Tax	53,192,008	210,651,101	46,154,566
Deferred Tax	4,059,480	17,029,386	(355,613)
Net Profit/(Loss) For The Year	**290,139,793**	**1,177,061,648**	**231,729,465**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४
(नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.व. २०७७।०७८ को प्रथम त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण:

(क) प्रथम त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण:

यस संस्थाको त्रैमासिक नाफा नोक्सान तथा वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ । यस अवधि अर्थात प्रथम त्रैमासको सम्बद्ध संस्थाहरूसंग भएको कारोवारको विवरण निम्न अनुसार रहेको छ :

क्र. सं.	सम्बद्ध संस्थाहरूको नाम	कारोवार रकम (मू.अ. कर बाहेक)	कैफियत
१	मोर्डन ईन्फ्राष्ट्रक्चर प्रा. लि.	४,६४,१२,०९०।४७	खरिद
२	अरविन्द इम्पोरियम प्रा. लि.	४,६५,५१,५२३।५४	खरिद
३	कन्स्ट्रक्शन सोलुशन प्रा. लि.	३,४०,४५।७५	खरिद
४	होल्सी शिवम् सिमेन्ट प्रा. लि	२९,६०,९८,३९०।००	खरिद
५	होल्सी शिवम् सिमेन्ट प्रा. लि	१०,१३,९५,८५४।०२	विक्रि
६	प्रिमियर वायर्स प्रा. लि.	२९,०४३।००	खरिद
७	लक्ष्मी लाईन प्रोडक्स्	२८,५३,७००।२९	विक्रि
	कूल जम्मा	**४९,३६,८९,०५७।०७**	

(ख) प्रमुख वित्तीय अनुपातहरू:

प्रति शेयर आम्दानी (वार्षिक)	प्रतिशेयर नेटवर्थ	प्रतिशेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
२६।३८	२२१।२३	२८६।९८	१।७२

२. व्यवस्थापकीय विश्लेषण : क) समिक्षा अवधिमा संस्थाको मुनाफा, उत्पादन तथा विक्री वितरण, तरलता लगायत सन्तोषजनक रहेका छन् । यस त्रैमासमा महामारीको रूपमा विश्वभरी फैलिएको COVID–19 को प्रभाव र नेपाल सरकारले सोही कारण लामो समय बन्दाबन्दी (Lock Down) र निशेधाज्ञा घोषणा गरेका कारण उद्योग, व्यवसाय र कारोवारमा पर्न गएको प्रभावबाट यस कम्पनी समेत अछुतो रहन सक्ने अवस्था भएन । सोही कारण उत्पादन र विक्री वितरणको लक्ष्य हासिल गर्न कठिनाईको अवस्थामा समेत सन्तोषजनक कारोवारको अवस्था रहेकोछ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:

विद्यमान अवस्थामा संस्थाले उद्योगको पूर्ण क्षमता अनुसारको उत्पादन तथा उत्पादन विविधिकरण गरी उच्च गुणस्तरीय सिमेण्ट आम उपभोक्ताहरूका बीचमा पुऱ्याउने सम्बन्धि कार्यहरू गर्दै शेयरधनीहरूलाई उचित प्रतिफल, मानवश्रोतको कार्यक्षमतामा विस्तार गर्नुका साथै समयानुकुल व्यवसायिक कार्ययोजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्ने लगायतका कार्यमा संस्था प्रतिवद्ध रहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण: महामारिको रूपमा रहेको कोभिड-१९ को प्रभावले गर्दा विकास निर्माणका कामना आएको सिथिलताले नेपालमा मागको तुलनामा सिमेन्टको उत्पादन अत्याधिक बढि रहेको अवस्था समेतलाई हेर्दा संस्थाले आफ्नो उत्पादन क्षमताको पूर्ण उपयोग गर्दै बजार प्रर्वद्धन र बजार विस्तारसंग सम्बन्धित कार्यहरूलाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्ने नीति अवलम्बन गरी संस्थालाई असर पर्न सक्ने कुराहरूको सूक्ष्म अध्ययन र विश्लेषण गरी कुशल कार्यनीति तथा चुस्त व्यवस्थापन मार्फत ग्राहक संरक्षण नीतिलाई कायमै राख्दै आँउदा दिनमा तात्विक नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियमको तर्जुमा गरी उद्देश्य बमोजिमका कामहरू सफलतापूर्वक संचालन गर्दै अघि बढ्ने नीति लिइएको छ । नगद प्रवाह लगायतका कुराहरूमा तत्काल तात्विक असर पार्न सक्ने घटना, अवस्था पाइएको छैन ।

३. कानूनी कारवाही सम्बन्धि विवरण:

(क) आयकर ऐन बमोजिम कम्पनीले आ. व. २०७४।०७५ र आ. व. २०७५।०७६ को आय व्यय विवरण तोकिएको समयमा पेश गरिएकोमा श्री ढूलाकरदाता कार्यालय, ललितपुरबाट केहि शिर्षक अन्तरगतका खर्चहरूलाई अमान्य समेत गरी संशोधित कर निर्धारण आदेश जारी गरेकोमा उपरोक्त संशोधित कर निर्धारण आदेशमा कम्पनी व्यवस्थापनको चित्त नबुझेको हुंदा उक्त निर्णयहरूका विरूद्ध श्री आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकीय पुरनावलोकनका लागि कानून बमोजिम पुनरावलोकनको निवेदन दायर गरिएको छ । साथै आ.व. २०६७।०६८, आ.व. २०६८।०६९, आ.व. २०६९।०७०, आ. व. २०७०।७१ को संशोधित कर निर्धारण आदेश विरूद्ध राजस्व न्यायाधिकरणमा निवेदन दर्ता गरेकोमा विचाराधिन रहेको ।

(ख) नेपाल विद्युत प्राधिकरण को मितिः २०७६।०१।२२ को पत्रबाट कम्पनीले निवेदन माग पनि नगरेको र डेडिकेटेड फिडरबाट लोडसेडिङ का भएका बखत विना लोडसेडिंग निरन्तर २४ सै घण्टा विद्युत सुविधा उपभोग नगरेको, उपलब्ध पनि नभएको अवस्थामा पनि डेडिकेटेड दरको महसुल दाखिला गर्न पत्राचार गरेकोमा उक्त पत्र, विल तथा निर्णयहरूका विरूद्ध सम्मानित पाटन उच्च अदालत, ललितपुर समक्ष उठ्रेषणयुक्त परमादेशको आदेश जारी गरी पाउन दायर गरेको रीट निवेदन खारेज गर्ने निर्णय भएकोमा कम्पनीको चित्त नबुझेकोले उपरोक्त मुद्दा दोहोर्याई पाउन सम्मानित सर्वोच्च अदालत, काठमाडौंमा दोहोर्याई पाउको निवेदन दायर गरेकोका सम्मानित अदालतमा विचाराधिन रहेको छ ।

(ग) वितरक श्री लक्की हार्डवेयर एण्ड सप्लायर्स काठमाडौंले लामो समय देखि कारोवार पनि नगरेको रकम भुक्तानी समेत नगरेका कारण मितिः २०७६।६।२३ गते श्री काठमाडौं जिल्ला अदालत समक्ष भुक्तानी पाउन बाँकी रू. ५,५७०९५।८४ र सोको ब्याज समेतको रकम दिलाई भराई पाउ भनि फिराद पत्र दायर गरिएकोमा मुद्दा विचाराधिन रहेकोछ ।

(घ) कम्पनीका वितरक श्री सृष्टि एण्ड प्रफुल, बालाजु, काठमाडौंले उधारोमा सिमेन्ट खरिद गरी भुक्तानी गर्नु पर्ने रकम रू. २२,९०,९३४।०० को कम्पनीको नाममा एकाउण्ट पेयी चेक दिइएकोमा उक्त खातामा रकम नभएको चेक उपलब्ध गराई चेक अनादार गरेका कारण निजका विरूद्ध श्री काठमाडौं जिल्ला अदालत समक्ष मितिः २०७७।०४।२२ गते चेक अनादरको फिराद पत्र दायर गरिएको र हाल सम्मानित अदालतमा विचारधीन रहेकोछ ।

(ङ) मैरहवा स्थित लुम्बिनी अन्तराष्ट्रिय एयरपोर्ट निर्माण कार्य गर्ने ठेकेदार कम्पनी श्री North West Civil Aviation Airport Construction Group Company Ltd, काठमाडौं ले सिमेन्ट खरिद गरी रकम भुक्तानी गर्दा अग्रिम कर कट्टि गरेको रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेमा रू. ५५३,६३६।९८ मात्र ढिला दाखिला गरेका कारण ढूला करदाता कार्यालयले अमान्य गरेको र रू. १४,५६,२६८।४२ हालसम्म पनि नबुझाएकोले जम्मा रू. २०,०९,९०५।४० र सोको ब्याज समेत दावी लिई सम्मानित काठमाडौं जिल्ला अदालत समक्ष मितिः २०७७।०४।२२ मा रकम दिलाई भराई पाउ भनि फिराद दायर गरिएकोमा सम्मानित अदालतमा उक्त मुद्धा विचाराधिन रहेकोछ

४. संस्थाको शेयर कारोवार तथा प्रगति विश्लेषण:

(क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारको सिद्धान्त अनुरूप हुने गरेकोछ ।

(ख) यस त्रैमास अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको दिन र कारोवार संख्या :

अधिकतम मूल्य रू.	न्यूनतम मूल्य रू.	अन्तिम मूल्य रू.	कारोवार दिन	कारोवार शेयर संख्या
८५०	५५९	७८५	६४	३८,४०,७५८ थान

५. समस्या तथा चुनौती:

नेपाली उद्योगहरूबाट खपतको तुलनामा भईरहेको उत्पादन अत्याधिक रहेको, सोको कारण बजारमा आम ग्राहकहरू माझ यस संस्थाको उत्पादनलाई प्रभावशाली बनाई हालको बजार हिस्सा कायमै राखी थप बजार हिस्सा ओगट्न सोही अनुरूपको नीति, रणनीति अवलम्बन गरि संस्थाले विक्री पछि उपलब्ध गराउने निशुल्क प्राविधिक सेवाहरूको विस्तार, मानव संशाधनको विकास, व्यवस्थापन लगायतका कार्यक्रम अवलम्वन गरिएको छ ।

विश्व भर महामारीको रूपमा फैलिएको कारोनाभाइरस (कोभिड-१९) को रोकथामको लागि नेपाल सरकारद्वारा गरिएको देशव्यापी लामो लकडाउन र निषेधाज्ञाका कारण नियमित उद्योग संचालन, कारोबार हुन नसक्दा उत्पादन तथा विक्रीवितरण लगायतका गतिविधिहरूमा असर परेको । सावीक कै अवस्थामा उद्योग संचालन गर्न नेपाल सरकारको निर्णय एवं कार्यविधि बमोजिम संस्थाले आवश्यक प्रबन्ध मिलाइ काम गरिरहेको छ । कारोना भाइरस (कोभिड-१९) को प्रभाव विश्वभरी फैलिरहेको र कहिलेबाट पूर्ण रूपमा रोकथाम हुन्छ भन्ने एकिन भन्न नसकिने परस्थितिका कारण उद्योगबाट उत्पादनहुने सामानको उपयोग समग्र देशको अर्थव्यवस्था र भौतिक संरचना निर्माणका काममा पर्ने असरका कारण भविष्यमा उत्पन्न हुने परिस्थितिमा आधारित हुने गर्दछ । संस्थाले खर्चमा मितव्ययिता अपनाई काम गर्नेछ ।

६. संस्थागत सुशासन:

संस्थागत सुशासन अभिवृद्धिका लागि संस्थाको व्यवस्थापन आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने, आन्तरिक लेखापरीक्षण थप प्रभावकारी बनाउने, कारोवारलाई चुस्त, छिटो, छरितो बनाउन कारोवारमा आर्कषित हुने ऐन, कानून तथा नियमनकारी निकायबाट जारी भएका नीति, निर्देशनहरू पालना गरिएकोछ ।

७. सत्य तथ्यताका सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछुकी मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन । लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरू लुकाईएको छैन ।